# निजामती सेवामा कार्यरत तथा यस सेवामा प्रवेश गर्न चाहने महिलाहरूको सेवाप्रतिको धारणा

(कास्की जिल्लामा आधारित एक समाजशास्त्रीय अध्ययन)

मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत समाजशास्त्र
विषयको स्नातकोत्तर तह दोस्रो वर्षको आठौं पत्रको प्रयोजनका लागि
प्रस्तुत शोधपत्र


शोधकर्ता

सुनीता तिवारी

रोल नं. १०६/०६२

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा


२०६९

# सिफारिस पत्र

श्री मूल्याङ्कन समिति
त्रिभुवन विश्वविद्यालय,
पृथ्वीनारायण क्याम्पस,
समाजशास्त्र/मानवशास्त्र विभाग, पोखरा

यस क्याम्पसका छात्रा सुनीता तिवारी रोल नं १०६/०६२ (एम.ए.दोस्रो वर्ष, समाजशास्त्र/मानवशास्त्र) ले स्नातकोत्तर तहको दोस्रो वर्षको आठौं पत्रको आंशिक आवश्यकता परिपूर्ति गर्नको लागि प्रस्तुत गरेको "निजामती सेवामा कार्यरत तथा यस सेवामा प्रवेश गर्न चाहने महिलाहरूको सेवाप्रतिको धारणा (कास्की जिल्लामा आधारित एक समाजशास्त्रीय अध्ययन)" सम्बन्धी विषयको शोधपत्र मेरो प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................
(शान्ति भुषाल)
शोध निर्देशक
समाजशास्त्र /मानवशास्त्र विभाग,
पृथ्वीनारायण क्याम्पस , पोखरा

मिति : २०६९, जेष्ठ

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत समाजशास्त्र तर्फकी छात्रा सुनिता तिवारीले आठौं पत्रको प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नुभएको "निजामती सेवामा कार्यरत तथा यस सेवामा प्रवेश गर्न चाहने महिलाहरूको सेवाप्रतिको धारणा (कास्की जिल्लामा आधारित एक समाजशास्त्रीय अध्ययन)" विषयक शोधपत्र मूल्याङ्कन समितिबाट स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| ..................... | ......................... | .................... |
| (शान्ति भुषाल) | ( डा. विकास के.सी.) | (शान्ति भुषाल) |
| शोध निर्देशक | बाह्य परीक्षक | विभागीय प्रमुख |

मिति : २०६९, जेष्ठ

## भाषा सम्पादकबाट गरिएको

## सिफारिस पत्र

प्रस्तुत "निजामती सेवामा कार्यरत तथा यस सेवामा प्रवेश गर्न चाहने महिलाहरूको सेवाप्रतिको धारणा (कास्की जिल्लामा आधारित एक समाजशास्त्रीय अध्ययन)" विषयक शोधपत्रको भाषिक सम्पादन मैले गरेको हुँ । यसको भाषिक स्वरूप सन्तोषजनक रहेको हुँदा म यस शोधपत्रको स्वीकृतिका लागि सिफारिस गर्दछु ।

.............................

चूडामणि खनाल
सह-प्राध्यापक
नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस, कास्की

# कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययन स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने उद्देश्यले गरिएको हो । कुनै पनि विषयको अध्ययन गर्नु आफैमा सजिलो कार्य होइन । त्यसको वाबजूद पनि अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि अवसर प्रदान गर्नुको साथै अध्ययनको सिलसिलामा सल्लाह सुझाव तथा परामर्श दिई सहयोग र हौसला प्रदान गर्नुहुने पृथ्वीनारायण क्याम्पस समाजशास्त्र मानवशास्त्र विभागका प्रमुख तथा शोध निर्देशक श्री शान्ति भुषालज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । वहाँकै प्रत्यक्ष सहयोग र निर्देशनमा आज यो शोधपत्र तयार भएको छ । साथै बाह्य परीक्षकको रूपमा यस शोधपत्रमा भएका कमी कमजोरीलाई सुधार गर्न अमूल्य सुझाव दिनुहुने श्रद्धेय गुरू डा. विकास के.सी. तथा भाषागत अशुद्धिहरूलाई सुधार गरिदिनु हुने आदरणीय गुरू श्री चूडामणि खनालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोध कार्य पूरा गर्ने क्रममा विभिन्न किसिमका सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय गुरूहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी अध्ययनका क्रममा विभिन्न किसिमका पुस्तक र अध्ययन सामग्री उपलब्ध गराएर सहयोग गरिदिने पृथ्वीनारायण क्याम्पस पुस्तकालय, त्रि. वि. केन्द्रीय पुस्तकालय (कीर्तिपुर), पश्चिमाञ्चल पुस्तकालय, पोखरा, निजामती किताबखाना हरिहरभवन, ललितपुर, लोक सेवा आयोगको परीक्षा तयारीका लागि ट्यूसन कक्षा संचालन गर्ने पोखरा स्थित संस्थाहरू गोल्डेन आई, क्रियटिभ एकेडेमी तथा लोक सेवा आयोगका कर्मचारीहरू तथा मेरा हितैषी मित्रहरू (नीता, अनीता, शिवानी) पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अध्ययनका सिलसिलामा प्रश्नावलीको उत्तर दिने क्रममा व्यस्तताका बाबजूद पनि आफ्नो अमूल्य समय उपलब्ध गराइ सहयोग गरिदिनु हुने कास्की जिल्ला स्थित निजामती सेवाका महिला तथा पुरूष कर्माचारीहरू तथा यस क्षेत्रमा जान चाहने महिला उत्तरदाताहरूप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस क्षेत्रका व्यक्तिहरू जसले यस अध्ययनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुभयो वहाँहरू सम्पूर्णप्रति पनि धन्यवाद ज्ञा पन गर्न चाहन्छु ।

त्यसै गरी मलाई आज यस स्थानसम्म आइपुग्नाका लागि उत्साह, हौसला साथै उर्जा प्रदान गरी शोधकार्यका लागि प्रेरित गरी रहनुहुने मेरा आदरणीय बुवा/आमा श्री भीमप्रसाद तिवारी र पूर्णकला तिवारी प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । वहाँहरूकै हौसला र प्रेरणाका कारणले म आज यस स्थानमा आइपुगेकी छु । त्यसैगरी यो शोधकार्य तयार पार्ने क्रममा विशेष सहयोग गर्ने मेरा प्यारा भाइ/बहिनीहरू ईश्वर पाण्डे तथा सुमन, सपना तिवारी,मञ्जु पनि धन्यवादका पात्र हुन् । कम्प्यूटरमा सहयोग गर्ने मेरो प्यारो भाई आशीष तिवारी प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । त्यस्तै मेरा प्यारा छोराहरू सदृश अधिकारी र सार्थक अधिकारीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । अन्तमा यस शोधपत्र तयार पार्ने क्रममा प्रस्तावना लेखन, स्थलगत अध्ययनका साथै शुरूदेखि अन्तिम तयारीसम्म समय व्यवस्थापन गरी आवश्यक सल्लाह, सुझाव, सहयोग तथा हौसला प्रदान गर्ने मेरा श्रीमान् श्री बालकृष्ण अधिकारीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मिति : २०६९ जेष्ठ

सुनीता तिवारी

लेखनाथ नगरपालिका

## शोध-सार

निजामती सेवाका कार्यालयहरूमा कार्यरत तथा निजामतीसेवामा प्रवेशका लागि तयारी गरिरहेका महिलाहरूको सामाजिक तथा आर्थिक अवस्था पत्ता लगाउने, निजामती सेवाका कार्यालयहरूमा रहेको लैङ्गिक सहभागिताको अवस्था तथा अवस्थिति पत्ता लगाउने र लैङ्गिक समावेशीकरण, निजामती सेवाप्रतिको धारणा पत्ता लगाउने उद्देश्यले विक्रम सम्वत् २०६८ सालमा कास्की जिल्लामा आधारित रहेर एक अध्ययन गरिएको थियो । कास्की जिल्लाका विभिन्न निजामती सेवाका कार्यालयहरूमा कार्यरत १२४ जना महिला कर्मचारीहरूमध्ये साधारण दैविक नमूना छनोट विधिबाट ८२ जना (६६%) र निजामती सेवामा प्रवेश गर्न चाहने ४१ जना गरी जम्मा १२३ जना महिला उत्तरदाताहरू छनौट गरी खुला तथा बन्द दुवै प्रकृतिका प्रश्नहरू समावेश गरी प्रश्नावली अनुसूची तयार गरी संङख्यात्मक तथा गुणात्मक तथ्याङ्क तथा सुचनाहरू संङकलन गरिएको थियो । यसका साथै विभिन्न कार्यालयहरूमा कार्यरत उच्च तहका पदाधिकारीहरूलाई मुख्य उत्तरदाताको रूपमा लिई उनीहरूसंग पनि जानकारी संङकलन गरिएको थियो । सुचना तथा तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण आवश्यकताअनुसार संङख्यात्मक तथा व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरणका लागि  माइक्रोसफ्ट एक्सेल प्रयोग गरी तालिका, पाई चार्ट, बार डायग्राम आदिमा प्रस्तुत गरिएको छ । यस क्षेत्रमा कार्यरत महिलाहरूको सामाजिक, आर्थिक अवस्था कस्तो रहेको छ? विभिन्न कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको लैङ्गिक समावेशीकरणको अवस्था र लैङ्गिक अवस्थिति कस्तो छ ? समावेशीकरण तथा निजामती सेवाप्रति कर्मचारीहरू तथा यस क्षेत्रमा जान चाहने महिलाहरूको धारणा कस्तो रहेको छ ? भन्ने प्रश्नहरूको समाधान खोज्नमा यो अध्ययन केन्द्रित छ ।

अध्ययनका क्रममा कास्की जिल्लास्थित निजामती सेवाका कार्यालयहरूमा जम्मा ७७८ जना कर्मचारीहरू रहेका, जसमध्ये पुरूष कर्मचारीहरू ६५४जना (८४%) को तुलनामा महिला कर्मचारीहरू ज्यादै न्यून १२४ जना (१६%) रहेको पाइयो भने सहसचिव स्तरका कर्मचारीहरू  जम्मा ५ जना र ती सबै पुरूष कर्मचारी भएको पाइयो । त्यसै गरी शाखा अधिकृत स्तरका १०९जना कर्मचारीहरूमध्ये ९५.४२% पुरूष र जम्मा ५ जना अर्थात् ४.५८ % मात्र महिला भएको पाइयो । शाखा अधिकृत भन्दा माथिल्लो श्रेणीमा महिला कर्मचारीको संख्या शून्य रहेको पाइयो । कर्मचारी उत्तरदाताहरूको जातिगत अवस्थालाई हेर्दा सबैभन्दा धेरै ६५.८५% ब्राह्मण जातिको बाहुल्य पाइयो । त्यसपछि क्षेत्री १७.०७ %र सबैभन्दा थोरै

दलित जातिहरू ३.६५% पाइयो । त्यसै गरी निजामती सेवामा प्रवेश गर्न चाहने महिलाहरूमा पनि ब्राह्मण जातिकै बाहुल्य (७०.७३%) र त्यसपछि जनजातिहरू १७.०७% पाइयो । कार्यरत कर्मचारी उत्तरदातामध्ये बहुसङख्यक अर्थात् ८५.३६% महिलाहरू विवाहित र अन्य अविवाहित पाइयो भने निजामती सेवामा प्रवेशका लागि तयारी गरिरहेका महिलाहरूमा पनि बहुसंङख्यक अर्थात् ६३.४१% महिलाहरू विवाहित रहेको पाइयो। कर्मचारी उत्तरदाताहरूको शैक्षिक अवस्थालाई हेर्दा स्नातक तहको शैक्षिक योग्यता भएका महिला कर्मचारीहरू २३.१७% र सबैभन्दा कम अर्थात् १२.१९% को मात्र स्नातकोत्तर तहको शैक्षिका योग्यता भएको पाइयो । त्यसैगरी निजामतीसेवामा प्रवेशका लागि तयारी गरिरहेका महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा ३९.०२% महिलाहरूले स्नातक तह उत्तीर्ण गरेको पाइयो भने २१.९५% ले स्नातकोत्तर तह उत्तीर्ण गरेको पाइयो । तुलनात्मक रूपमा हेर्दा निजामती सेवामा जान चाहने महिला उत्तरदाताहरूको शैक्षिक अवस्था कार्यरत महिलाहरूको भन्दा धेरै राम्रो पाइयो । धार्मिक अवस्थालाई हेर्दा बहुसंङख्यक (९५.१२%) कर्मचारी तथा निजामती सेवामा जान चाहने महिलाहरूले हिन्दू धर्म अवलम्वन गरेको पाइयो । कार्यरत ६२.२०% उत्तरदाताका महिलाहरूको एकात्मक परिवार रहेको पाइयो भने निजामती सेवामा प्रवेशका लागि तयारी गरिरहेका ७३.१७% महिलाहरूको पनि एकात्मक परिवार पाइयो ।

कार्यरत उत्तरदातामध्ये ३९.१९% को आफ्नो नाममा जग्गा जमिन नरहेको, ३७.८० % आफ्नो नाममा जग्गा जमिन रहेको र २३.१७%ले उत्तर दिन नचाहेको पाइयो भने निजामतीसेवामा प्रवेशका लागि तयारी गरिरहेका बहुसङख्यक (८०.४९%) उत्तरदाताको आफ्नो नाममा जग्गा जमिन नरहेको पाइयो । कार्यरत कर्मचारी उत्तरदातामध्ये ६४.६३% मध्यम स्तरको आर्थिक हैसियतका पाइयो भने निजामतीसेवामा प्रवेशका लागि तयारी गरिरहेका ९५.१२% उत्तरदाताहरूको पनि मध्यम स्तरको आर्थिक हैसियत भएको पाइयो । कार्यरत महिला उत्तरदाताहरू मध्ये बहुसङख्यक ६९.५१% ले आफ्नो जागीरबाट परिवारमा गरेको आर्थिक योगदानको स्तर सामान्य अर्थात केही मात्रामा मात्र भएको बताए । त्यसै गरी बहुसंङख्यक उत्तरदाताहरू (८५.३६%) ले सरकारी जागीरका अतिरिक्त अन्य पेशामा संलग्न नरहेको बताए भने जम्मा १२(१४.६४%) ले मात्र सरकारी जागीरका अतिरिक्त अन्य पेशामा संलग्न रहेको बताए ।कार्यरत महिला कर्मचारीहरूमध्ये बहुसङख्यक अर्थात ५१.२३% ले आम्दानीको खर्च आफू र श्रीमान् दुवैको सल्लाहमा हुने बताए भने ४२.६८% महिला

कर्मचारी उत्तरदाताले आफ्नै नियन्त्रणमा जागीरबाट प्राप्त आम्दानीको खर्च हुने बताए । जागीरबाट बहुसङ्ख्यक अर्थात् ७५.६६% महिलाहरूको आर्थिक अवस्थामा उल्लेखनीय सुधार वा परिवर्तन नभएको पाइयो भने निकै कम अर्थात् २४.३४% उत्तरदाताहरूको मात्र जागीरबाट उल्लेखनीय आर्थिक परिवर्तन भएको पाइयो ।

कार्यरत महिलाहरूको जागरीप्रति बहुसङ्ख्यक उत्तरदाताको अनुभवमा सामाजिक दृष्टिकोण, उनीहरूका श्रीमान्को दृष्टिकोण तथा परिवारका अन्य सदस्यहरूको दृष्टिकोण सकारात्मक पाइयो । जागीरका कारणले बहुसङ्ख्यक (७८.८३%) उत्तरदाता महिलाहरूलाई परिवार तथा समाजमा कुनै अप्ठ्यारो महसुस नभएको र थोरै उत्तरदाताहरू (२३.१७%) ले मात्र जागीरका कारण आफूलाई परिवार तथा समाजमा अप्ठ्यारो महसुस भएको बताएको पाइयो । ५०% कार्यरत उत्तरदाताहरूलाई उनीहरूको घरायासी काममा श्रीमान्ले सहयोग सन्तोषजनक सहयोग गरेको पाइयो ।

निजामती सेवाप्रति आकर्षण बढ्नाको कारण अध्ययन गर्दा सरकारी जागरीसुरक्षित हुन्छ भन्नेमा ४७.५६ % र धेरै पैसा कमाउन सकिन्छ भन्नेमा २१ % उत्तरदाता पाइयो ।

सरकारी जागीरमा लैङ्गिक तथा अन्य कोटा प्रणाली बहुसङ्ख्यक (७३.१७ %) उत्तरदाताहरूको धारणा सकारात्मक रहेको पाइयो भने ३१.७० % कार्यरत कर्मचारीहरूमा समावेशीकरण तथा कोटा प्रणाली प्रति नकारात्मक धारणा रहेको पाइयो ।

निजामतीसेवामा प्रवेशका लागि प्रयासरत अधिकांश (६८.३०%) महिलाहरूको शैक्षिक योग्यता पदका लागि आवश्यक पर्ने भन्दा बढी भएको पाइयो । शैक्षिक योग्यता बढी भए पनि तल्लो तहमा परीक्षा दिनाको कारणमा अधिकांशले (५१.२२%) तल्लो तहमा नाम निकाल्न सफल भएमा पछि माथिल्लो पदका लागि ढुक्कसँग तयारी गर्न सकिन्छ भन्ने भनाइ राखेको पाइयो र ३१.७१% तल्लो तहमा प्रवेश पाएपनि पछि माथिल्लो पदमा बढुवा हुन सकिन्छ भन्ने रहेको पाइयो । सरकारी जागीरबाट आर्थिक उन्नति गर्न सकिन्छ या सकिँदैन भन्ने सवालमा बहुसङ्ख्यक (७४.४%) कार्यरत कर्मचारी उत्तरदाताहरूले नेपालमा सरकारी जागीरबाट उल्लेखनीय रूपमा आर्थिक उन्नति गर्न नसकिने बताए भने ५६.०९% निजामतीसेवामा प्रवेशका लागि प्रयासरत महिलाहरूले पनि सरकारी जागीरबाट उल्लेखनीय रूपमा आर्थिक उन्नति गर्न नसकिने बताए ।

समावेशी/कोटा प्रणाली तथा खुल्ला प्रतिस्पर्धाबाट निजामती सेवामा प्रवेश गर्ने प्रति अधिकांश उत्तरदाताहरू (७३.१७%) स्वयंले समान धारणा तथा व्यवहार गरेको पाइयो । त्यसै

गरी उत्तरदाता कार्यरत कार्यालयका अन्य धेरै (६३.४२%) कर्मचारीहरूले पनि समान धारणा राखेको पाइयो । उत्तरदाताकै कार्यालयमा कार्यरत पुरूष कर्मचारीले महिला कर्मचारीप्रति हेर्ने दृष्टिकोण तथा व्यवहारबारे उत्तरदाताहरूको अनुभव अध्ययन गर्दा ५८.५४% उत्तरदाताहरूले पुरूष कर्मचारीहरूको सकारात्मक तथा सहयोगी व्यवहार पाएको बताएका थिए भने १३.४२% ले नकारात्मक र असहयोगी व्यवहार भोग्नु परेको देखियो । पुरुष कर्मचारीहरूको तुलनामा महिला कर्मचारीहरूलाई कार्यबोझको स्थिति हेर्दा ५.६१% को कार्यालयमा समान कार्यबोझ हुने पाइयो भने १९.५२% ले पुरूष कर्मचारीको तुलनामा महिला कर्मचारीलाई बढी कार्यबोझ रहेको बताए । अधिकांश उत्तरदाताहरू (७२%) का कार्यालय प्रमुखले महिला कर्मचारीहरूलाई पनि पुरुष सरह समान व्यवहार गरेको पाइयो ।

तालिम, गोष्ठी, सेमिनार, भ्रमण जस्ता अवसरहरूमा ६१% उत्तरदाताहरूले पुरूषसरह समान अवसर पाएको र ३४.१५% उत्तरदाताले यस्ता अवसरहरूमा पुरूष सरह समान अवसर नपाएको बताएका थिए । उच्च अध्ययनको अवसरमा पनि अधिकांश (६८.२८%) ले पुरूष सरह अवसर नपाएको बताएका थिए । कार्यरत उत्तरदाताहरूमध्ये ५८.५४ % ले र निजामतीसेवामा प्रवेशका लागि प्रयासरत अधिकांश (७८.०५%) उत्तरदाताहरूले लोक सेवा आयोगबाट लिइने परीक्षा तथा परीक्षाफल एकदमै निष्पक्ष हुने धारणा व्यक्त गरेको पाइयो । कार्यरत उत्तरदाताहरूमध्ये बहुसङ्ख्यक उत्तरदाताहरू (५१.२३%) ले भविष्यमा सरकारी जागीरबाट माथिल्लो पदमा बढुवाको अपेक्षा राखेको पाइयो भने २८ % उत्तरदाताहरूले जागीरबाट अवकास पछि धेरै पेन्सन पाउने अपेक्षा राखेको पाइयो । कार्यरत ४८.७९% महिला कर्मचारीहरू आफ्नो मासिक तलबमानबाट ठीकै सन्तुष्टि रहेको, २४.३९% उत्तरदाता एकदमै सन्तुष्ट रहेको र २६.८२% उत्तरदाता कत्ति पनि सन्तुष्ट नरहेको पाइयो । तर समग्रमा अधिकांश (७८%) कार्यरत उत्तरदाताहरू सरकारी जागीरबाट सन्तुष्ट रहेको र २२% उत्तरदाताहरू सन्तुष्ट नरहेको पाइयो ।

# विषयसूची


| | पेज |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| भाषा सम्पादकको स्वीकृति पत्र | iii |
| कृतज्ञता ज्ञापन | iv |
| विषय सूची | vi |
| तालिका सूची | xi |
| चित्र सूची | xiii |
| शोध सार | xiv |
| **अध्याय एकः परिचय** | **१-११** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको उद्देश्य | ७ |
| १.४ अध्ययनको महत्त्व | ८ |
| १.५ अध्ययनको सीमा | ९ |
| १.६ पारिभाषिक शव्दावली | ९ |
| १.७ सङगठनात्मक ढाँचा | ११ |
| **अध्याय दुईः पूर्व साहित्यको अध्ययन** | **१२-३९** |
| २.१ सैद्धान्तिक अवधारणा | १२ |
| २.१.१ लैङ्गिक दृष्टिकोण | १२ |
| २.१.१.१महिलावादी सिद्दान्त | १४ |
| (क) आमूल महिलावाद | १५ |
| (ख) मार्क्सवादी महिलावाद | १५ |
| (ग) समाजवादी महिलावाद | १६ |
| (घ) उदारवादी महिलावाद | १६ |
| २.१.२ महिला विकासको परिवर्तित अवधारणा | १७ |
| क) कल्याणकारी सोच | १७ |
| ख) विकासमा महिला | १७ |
| ग) महिला र विकास | १९ |

घ) सामाजिक लिङ्ग र विकास १९
२.१.३ अन्तराष्ट्रिय घटनाक्रमः अवसर र उपलब्धि २०
२.१.४ लैङ्गिक समानता २८
२.१.५ लैङ्गिक समानताका मूल आधारहरू २९
२.१.६ लैङ्गिक समता २९
२.१.७ महिला सशक्तिकरण ३०
२.१.८ महिला सशक्तीकरणको महत्त्व ३३
२.१.९महिला सशक्तीकरणका महत्त्वपूर्ण कारक तत्त्वहरू ३४
२.१.१० नेपालमा महिला सशक्तीकरणका लागि हालसम्म भएका प्रयासहरू ३४
२.१.११ पहुँच र नियन्त्रण ३५
२.१.१२ लैङ्गिक भूमिका ३५
२.२ पूर्व अध्ययनको समीक्षा ३५

**अध्याय तीन : अनुसन्धान पद्धति** ४०-४४
३.१ अध्ययन क्षेत्रको छनोट ४०
३.२ अनुसन्धानको ढाँचा ४०
३.३ तथ्याङ्कका स्रोत र प्रकृति ४०
३.४ समग्र र जनसंङख्या ४१
३.५ नमूना छनोटको प्रक्रिया ४१
३.६ प्राथमिक तथ्याङ्क संङकलन का विधिहरू ४१
३.६.१ अन्तरवार्ता अनुसूची ४१
३.६.२ मुख्य उत्तरदाता सँगको अन्तरवार्ता ४२
३.६.३ घटना अध्ययन ४२
३.७ द्वितीय तथ्याङ्कका स्रोतहरू ४२
३.८ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण ४२
३.९ अवधारणागत ढाँचा ४३

**अध्याय चारः अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति र जनसांङ्ख्यिक विशेषता** **४५-७२**

४.१. अध्ययन क्षेत्रको परिचय ४५

४.२ कास्की जिल्लास्थित निजामती सेवामा कार्यरत कर्मचारीहरूको लैङ्गिक अवस्था ४९

४.३ कार्यरत उत्तरदाताहरूको श्रेणीगत अवस्था ५०

४.४ कर्मचारीहरूको श्रेणीगत हिसाबले लैङ्गिक अवस्था ५१

४.५ उत्तरदाताहरूको जातिगत अवस्था ५३

४.६ उमेरको आधारमा उत्तरदाताहरूको वर्गीकरण ५४

४.७ उत्तरदाताको वैवाहिक अवस्था ५५

४.८ उत्तररदाताको शैक्षिक अवस्था ५७

४.९ उत्तरदाता महिलाका श्रीमान्को शैक्षिक योग्यता ५८

४.१० उत्तरदाताको धार्मिक अवस्था ५९

४.११ उत्तरदाताको परिवारको किसिम ६०

४.१२ उत्तरदाताको आर्थिक हैसियत/अवस्था ६१

४.१३ उत्तरदाताका श्रीमान्को पेशा ६२

४.१४ उत्तरदाताको नाममा जग्गा जमिनको अवस्था ६३

४.१५ उत्तरदाताको नाममा घरको अवस्था ६६

४.१६ आफ्नै जग्गाको उत्पादनले खान पुग्ने समय ६६

४.१७ जागीरबाट परिवारमा गरेको आर्थिक योगदानको स्तर ६८

४.१८ जागीरका अतिरिक्त अन्य पेशामा संलग्नताको स्थिति ६८

४.१९ जागीरमा प्रवेश गर्नु अगाडिको संलग्नता ६९

४.२० निजामतीसेवामा प्रवेशका लागि तयारी गरिरहेका महिलाहरूले अहिले गरिरहेको पेशा ७०

४.२१ जागीरबाट गरेको आम्दानीको खर्च गरिने क्षेत्र प्राथमिकताक्रमअनुसार ७०

४.२२ जागीरबाट गरेको आम्दानीको खर्च गर्नमा नियन्त्रण ७१

**अध्याय पाँचः निजामती सेवा, लैङ्गिक समानता र समावेशीकरणप्रति उत्तरदाताको धारणा** **७३-९९**

५.१ निजामती सेवामा लाग्नका लागि प्रेरणाको स्रोत ७३

५.२ जागीरबाट हुने आयआर्जनले कर्मचारी उत्तरदाताहरूको आर्थिक परिवर्तनको अवस्था ७४

५.३ जागीरका लागि आवत जावत तथा डेराको अवस्था ७४

५.४ उत्तरदाताको जागरीप्रति विभिन्न पक्षको दृष्टिकोण ७५
५.५ उत्तरदाताको जागिरबाट उनीहरूका परिवारले राखेको अपेक्षा ७६
५.६ जागीरका कारण परिवार तथा समाजमा अप्ठ्यारोको अवस्था ७६
५.७ उत्तरदाता महिलाहरूलाई घरायासी काममा श्रीमान्ले सहयोग गरे नगरेको अवस्था ७८
५.८ निजामती सेवाप्रति आकर्षण बढ्नाको कारण ७८
५.९ सरकारी जागीरमा लैङ्गिक तथा अन्य कोटा प्रणाली प्रतिको धारणा ८०
५.१० कोटा प्रणालीको अवधि ८०
५.११ कोटा प्रणाली ठीक लाग्नाको कारण ८१
५.१२ कोटा प्रणाली ठीक नलाग्नाको कारण ८३
५.१३ उत्तरदाता महिलाहरूले निजामती सेवाको लागि गरेको प्रतिस्पर्धात्मक प्रणाली ८५
५.१४ सरकारी जागिरका लागि परीक्षा दिएको पटक ८६
५.१५ जागिरका लागि आवश्यक शैक्षिक योग्यता र उत्तरदाताले प्राप्त गरेको शैक्षिक योग्यता ८७
५.१६ आवश्यक पर्ने भन्दा बढी शैक्षिक योग्यता भएपनि तल्लो पदमा परीक्षा दिनुको कारण ८८
५.१७ सरकारी जागीरबाट आर्थिक उन्नति गर्न सकिने नसकिने बारे उत्तरदाताहरूको धारणा ८९
५.१८ समावेशी/कोटा प्रणाली तथा खुल्ला प्रतिस्पर्धाबाट निजामती सेवामा प्रवेश गर्ने प्रति उत्तरदाता तथा कार्यालयका अन्य कर्मचारीहरूको धारणा तथा व्यवहार ९१
५.१९ कार्यालयमा पुरूष कर्मचारीले महिला कर्मचारीप्रति हेर्ने दृष्टिकोण तथा व्यवहार ९१
५.२० पुरूष र महिला कर्मचारीहरूबीच कार्यबोझको अवस्था ९२
५.२१ महिला र पुरूष कर्मचारीहरूबीच अवसरमा सहभागिता तथा पहुँच ९३
५.२२ कार्यालय प्रमुखले पुरूष तथा महिला कर्मचारीहरूप्रति अपनाउने व्यवहार ९४
५.२३ आफ्ना छोराछोरी तथा आफन्तहरूलाई सरकारी जागिरमा लाग्नका लागि प्रेरणा ९४
५.२४ भविष्यमा निजामती सेवाबाट उत्तरदाता महिलाहरूले राखेको अपेक्षा ९५

५.२५ लोक सेवा आयोगबाट लिइने परीक्षा र त्यसको परीक्षाफलको निष्पक्षता ९६
५.२६ तलबमानबाट सन्तुष्टिको अवस्था ९६
५.२७ सरकारी जागीरबाट सन्तुष्टिको अवस्था ९७

**अध्याय छ : सारांश, निष्कर्ष तथा सुझावहरू १००-१३५**

६.१ सारांश १००
६.२ निष्कर्ष १०६
६.३ सुझावहरू १०९

***सन्दर्भ सामग्री सूची* ११०**

***अनुसूची १* ११३**

***अनुसूची २* ११५**

***अनुसूची ३* १२२**

***अनुसूची ४* १२७**

***अनुसूची ५* १२८**

***अनुसूची ६* १२९**

***अनुसूची ७* १३२**

***अनुसूची ८* १३४**

# तालिका सूची

**तालिका** **पेज**


तालिका नं ४.१ निजामती सेवाका कार्यालयमा कार्यरत कर्मचारीहरूको श्रेणीगत अवस्था ५१
तालिका नं.४.२ कार्यरत उत्तरदाताहरूको लैङ्गिक अवस्था ५२
तालिका नं.४.३ उत्तरदाता महिलाहरूको जातिगत अवस्था ५३
तालिका नं.४.४ उत्तरदाता महिलाहरूको उमेरका आधारमा वर्गीकरण ५५
तालिका नं.४.५ उत्तरदाता महिलाहरूको वैवाहिक अवस्था ५६
तालिका नं.४.६ उत्तरदाता महिलाहरूको शैक्षिक अवस्था ५७
तालिका नं.४.७ उत्तरदाता महिलाहरूका श्रीमान्को शैक्षिक अवस्था ५८
तालिका नं.४.८ उत्तरदाता महिलाहरूको धार्मिक अवस्था ५९
तालिका नं.४.९ उत्तरदाता महिलाहरूको परिवारको किसिम ६१
तालिका नं.४.१० उत्तरदाता महिलाहरूको आर्थिक अवस्था ६१
तालिका नं.४.११ उत्तरदाता महिलाहरूका श्रीमान्को पेशा ६३
तालिका नं.४.१२ उत्तरदाता महिलाहरूको नाममा जग्गा जमिनको अवस्था ६४
तालिका नं.४.१३ उत्तरदाता महिलाहरूको नाममा घरको अवस्था ६६
तालिका नं.४.१४ उत्तरदाता महिलाहरूको आफ्नै जग्गाको उत्पादनले खान पुग्ने समय ६७
तालिका नं.४.१५ कार्यरत महिलाहरू जागीरमा प्रवेश गर्नु अगाडिको अवस्था ६९
तालिका नं.४.१६ तयारी गरिरहेका महिलाहरूको हालको पेशा तथा संलग्नताको स्थिति ७०
तालिका नं.४.१७ कार्यरत महिलाहरूको आम्दानीको खर्च गरिने क्षेत्रहरू ७१
तालिका नं.४.१८ जागीरबाट प्राप्त आम्दानीको खर्च गर्नमा नियन्त्रण ७१
तालिका नं.५.१ उत्तरदाता महिलाहरूको निजामती सेवामा लाग्नका लागि प्रेरणाको स्रोत ७३
तालिकानं.५.२कार्यरत उत्तरदाताको जागीरप्रति विभिन्न पक्षको धारणा/दृष्टिकोण ७६
तालिकानं.५.३ उत्तरदाताहरूलाई घरायासी काममा श्रीमान्ले सहयोग गरे नगरेको अवस्था ७८
तालिका नं.५.४ उत्तरदाताहरूलाई निजामती सेवाप्रति आकर्षण बढ्नाको कारण ७९

तालिका नं.५.५ उत्तरदाताको लैङ्गिक तथा अन्य कोटा प्रणालीप्रतिको धारणा ८०
तालिका नं.५.६ उत्तरदाताको कोटा प्रणालीको समयअवधि बारे धारणा ८१
तालिका नं.५.७ उत्तरदाता महिलाहरूलाई कोटा प्रणाली ठीक लाग्नाको कारण ८३
तालिका नं.५.८ उत्तरदाता महिलाहरूलाई कोटा प्रणाली ठीक नलाग्नाको कारण ८४
तालिका नं.५.९ उत्तरदाताहरूले प्रतिस्पर्धा गरेको र गर्न लागेको प्रतिस्पर्धात्मक प्रणाली ८६
तालिका नं.५.१० उत्तरदाताहरूले सरकारी जागीरका लागि परीक्षा दिएको पटक ८७
तालिका नं.५.११ शैक्षिक योग्यता बढी भए पनि तल्लो तहमा परीक्षा दिनाको कारण ८८
तालिका नं.५.१२ समावेशी/कोटा प्रणाली तथा खुल्ला प्रतिस्पर्धाबाट प्रवेश गर्ने प्रति उत्तरदाता तथा तिनका कार्यालयमा कार्यरत अन्य कर्मचारीहरूको धारणा तथा व्यवहार ९१
तालिका नं.५.१३ पुरूष कर्मचारीले महिला कर्मचारीप्रति हेर्ने दृष्टिकोण तथा व्यवहार ९२
तालिका नं.५.१४ पुरूषको तुलनामा महिला कर्मचारीहरूलाई कार्यबोझको अवस्था ९२
तालिका नं.५.१५उत्तरदाताले अवसरहरूमा पुरूषसरह सहभागी हुन पाए नपाएको अवस्था ९३
तालिका नं.५.१६कार्यालय प्रमुखले पुरूष तथा महिला कर्मचारीहरूप्रति अपनाउने व्यवहार ९४
तालिका नं.५.१७ कार्यरत उत्तरदाताहरूले भविष्यमा सरकारी जागीरबाट राखेको अपेक्षा ९५
तालिका नं.५.१८ लोक सेवा आयोगबाट लिइने परीक्षा तथा परीक्षाफलको निष्पक्षता सम्बन्धी उत्तरदाताहरूको धारणा ९६
तालिका नं.५.१९ कार्यरत उत्तरदाताहरूमा आफ्नो तलबमानबाट सन्तुष्टिको अवस्था ९७

# चित्र सूची


| चित्र | पेज |
|---|---|
| चित्र नं.४.१ कास्की जिल्लास्थित निजामती सेवामा कार्यरत कर्मचारीहरूको लैङ्गिक अवस्था | ४९ |
| चित्र नं. ४.२ उत्तरदाता महिलाहरूको जातिगत अवस्था | ५४ |
| चित्र नं. ४.३ उत्तरदाता महिलाहरूको वैवाहिक अवस्था | ५६ |
| चित्र नं. ४.४ उत्तरदाता महिलाहरूको धार्मिक अवस्था | ६० |
| चित्र नं.४.५ कार्यरत उत्तरदाताहरूको जागीरबाट परिवारमा गरेको आर्थिक योगदानको स्तर | ६८ |
| चित्र नं. ४.६ निजामती सेवामा कार्यरत महिलाहरूको अन्य पेशामा संलग्नताको स्थिति | ६९ |
| चित्र नं. ४.७ जागीरबाट प्राप्त आम्दानीको खर्च गर्नमा नियन्त्रणको अवस्था | ७२ |
| चित्र नं. ५.१ जागीरबाट हुने आयआर्जनले उत्तरदाताको आर्थिकस्तरमा भएको परिवर्तन | ७४ |
| चित्र नं. ५.२ कार्यरत उत्तरदाताहरू जागीरका लागि आवत जावत तथा डेराको अवस्था | ७५ |
| चित्र नं. ५.३ कार्यरत महिला उत्तरदाताका परिवारले उनीहरूको जागीरबाट राखेको अपेक्षा | ७६ |
| चित्र नं. ५.४ जागीरका कारण उत्तरदाताहरूलाई परिवार तथा समाजमा अप्ठ्यारोको अवस्था | ७७ |
| चित्र नं. ५.५ आवश्यक शैक्षिक योग्यता र उत्तरदाताले प्राप्त गरेको शैक्षिक योग्यता | ८८ |
| चित्र नं.५.६ सरकारी सेवाबाट आर्थिक उन्नति गर्न सक्ने नसक्नेबारे उत्तरदाताहरूको धारणा | ९० |
| चित्रनं.५.७ उत्तरदाताले छोराछोरी तथा आफन्तलाई सरकारी जागीरमा लाग्नका लागि प्रेरणा | ९५ |
| चित्र नं. ५.८ कार्यरत महिला उत्तरदाताहरूमा सरकारी जागीरबाट सन्तुष्टिको अवस्था | ९७ |